आज मिति २०७५/१२/२६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य सचिव | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

## बुद्धभूमी नगर कार्यपालिकाको मिति : २०७५।१२।२६ गतेको बैठकका निर्णयहरु

१. **आ.व. २०७५।०७६ को बार्षिक कार्यक्रमको कार्यान्वयन तथा समीक्षा सम्बन्धमा।**
निर्णय : बुद्धभूमी नगरपालिको आ.व. २०७५।०७६ को बार्षिक कार्यक्रम अनुसार योजनाहरूको कार्यान्वयनको सर्न्दभमा सम्पूर्ण वडाहरूमा अधिकाश योजनाहरू सम्झौता भई केही सम्पन्न समेत भएको र केही योजनाहरू कार्यान्वियनमा विवाद भई छलफल द्वारा अन्तिम टुङगोमा पुग्न लागेकोले समग्र रूपमा योजनाहरू कार्यान्वियनको चरणमा रहेकोले हाल सम्म प्रगति राम्रो देखिएता पनि बाँकी योजनाहरू छिटो छरितो रूपमा सम्झौता भई निर्माण कार्यमा सम्पूर्ण जनप्रतिनिधिहरू लाग्नु पर्ने तथा प्राविधिकहरूबाट लागत अनुमान तयार गर्दा योजना अनुकुल हुने गरी तथार गरी कार्यान्वयन गर्ने भनी समीक्षा गरियो।

२. **एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७५ सम्बन्धमा।**
निर्णय : बुद्धभूमी नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सेवाग्राहीहरूलाई सर्वशुलभ तत्काल सेवा सुविधा प्रदान गर्ने उद्देश्यले खरिद गरिएको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि बुद्धभूमी एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७५ पारित गर्ने निर्णय गरियो।

३. **सार्वजनिक खरिद ऐन तथा नियमावली २०७५ सम्बन्धमा।**
निर्णय : बुद्धभूमी नगरपालिकाले खरिद प्रकृयालाई व्यवस्थित गर्नका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बनाउनु पर्ने भएकोले मन्त्रालयद्वारा जारी भएको नमूना सार्वजनिक खरिद ऐन तथा नियमावली सम्बन्धमा अध्ययन गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्नका लागि बुद्धभूमी नगरपालिका विधेयक समितिका संयोजक श्री खुमानन्द न्यौपानेज्यूलाई जिम्मा दिने निर्णय गरियो।

४. **तराई मेधश समृद्धि विकास कार्यकम सम्बन्धमा।**
निर्णय : आ.व. २०७५।०७६ बाट लागू भएको तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम लागू भएका तराई मधेशका तोकिएका स्थानीय तहहरूले आ.व. २०७६।७७ का लागि योजनाहरू निर्णय गरी समयमा नै पठाउनु पर्ने भएकोले योजनाहरू छनौट गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो।

५. **विद्यालयलाई निर्देशन सम्बन्धमा।**
निर्णय : बुद्धभूमी नगरपालिकामा शैक्षिक सत्र २०७६ का लागि (४-१२) उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन गत विगत बर्षमा झै वडा स्तरीय भर्ना अभियान समितिद्वारा विद्यालयको सेवा क्षेत्र भित्र रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई स्वागत गरी पाठ्यपुस्तक उपलब्ध गराउने साथै सो कार्यक्रम सफल पार्न वडा अध्यक्षहरू वडाको उच्चतम विद्यालयको प्र.अ., जनप्रतिनिधि NGO, INGO, का प्रतिनिधि पत्रकार सहितको नगरस्तरमा समन्वय बैठकबसी छलफल, व्यानर, ब्रोसर तथा यस बर्षको भर्ना अभियानको आदर्श वाक्य " हाम्रो नगर हाम्रो गाँउ, सबै बालबालिकालाई विद्यालय पु-याऔं " भन्ने नाराको कार्यान्वियन गरी पूर्ण भर्ना घोषणालाई सफल पार्ने निर्णय गरियो।

६. **विद्यालयहरूलाई कक्षा अनुमति दिने सम्बन्धमा।**
निर्णय : शैक्षिक सत्र २०७६ देखि विद्यालय, धार्मिक विद्यालय तथा पूर्व प्रा.वि. सञ्चालन तथा कक्षा थपका लागि अनुमति माग गर्ने शैक्षिक संस्थालाई आवश्यकता, औचित्यताको आधारमा नगरपालिकाबाट अनुमति प्रदानका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

७. **क्यालेन्डर तथा शिक्षक डायरी सम्बन्धमा।**
निर्णयः क्यालेन्डर तथा शिक्षक डायरी यस नगरपालिकाबाट २०७६ का लागि प्रकाशन हुने शैक्षिक क्यालेन्डरमा शिक्षण सिकाई सुधार लगायत विद्यालयको गुणस्तर विकासका लागि नगरपालिकाद्वारा तयार गरिएको निर्देशनलाई समावेश गर्ने साथै सबै शिक्षकहरूलाई उपलब्ध गराउने "शिक्षण सिकाई सुधारका लागि नगरपालिकाद्वारा उपलब्ध शिक्षक डायरी २०७६" मा कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलाप लगायत, शैक्षिक सत्र २०७६ मा हासिल गर्नुपर्ने कक्षागत, विषयगत उपलब्धि र शिक्षकको वैयक्तिक विवरण सहित सो डायरीमा छपाई गर्ने निर्णय गरियो।

प्रमाणित

उपप्रमुख

प्रमुख

Scanned by CamScanner

८. **सुत्केरी तथा गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिका भित्रका सुत्केरी तथा गर्भवती महिलाहरूलाई बुद्धभूमी नगरपालिका र नगरपालिका देखि नजिक रहेका पायक पर्ने कपिलवस्तुका अन्य स्थानीय तहहरूका वार्थिङ सेन्टर सम्म लैजानका लागि बुद्धभूमी नगरपालिकाबाट निःशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने भनी निर्णय गरियो।

९. **आ.व. २०७६।०७७ को लागि वडास्तरीय योजना छनौट सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिकाले आषाढ महिनामा आगामी आ.व. २०७६।७७ का लागि पाचौ नगरसभाबाट बजेट नीति तथा कार्यक्रमहरू पारित गर्नुपर्ने भएकोले बैशाख मसान्त सम्म वडा अध्यक्षज्यूहरूले वडाका वस्तीस्तरका योजना तथा कार्यक्रमहरू छनौट गरी वडा समितिबाट निर्णय गराई नगर कार्यपालिकाको कार्यालयमा २०७६ बैशाख मसान्त भित्र पेश गर्ने भनी निर्णय गरियो।

१०. **योजनाहरूको म्याद थप सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिकाको आ.व. २०७५।०७६ का योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न उपभोक्ता समिति /ठेकेदार सँग सम्पन्न गर्ने समयावधि बैशाख मसान्त सम्म भएकोले उक्त समय सम्म योजना तथा कार्यक्रमहरू सम्पन्न हुन नसक्ने दिखएकोले २०७६ जेष्ठ मसान्त सम्म म्याद थप गरी कार्यान्वयन गर्ने गरी निर्णय गरियो।

११. **खेल मैदानको जग्गा व्यवस्थापन सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिकाको जग्गा छनौटका लागि भएको निर्णय प्रदेश नं. ५ बाट शशर्त अनुदानको रूपमा खेल मैदान निर्माणको लागि प्राप्त योजना कार्यान्वयनको लागि आवश्यक जग्गा स्थान छनौट सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. ४ अर्न्तगत विजगौरी टिक्कर सडक तथा बुद्धभुमी नगर कार्यपालिकाको कार्यालयको पूर्व तर्फ रहेको खेलमैदान साथै त्यसको चारै तर्फ रहेको खाली चउर (जग्गा) पहिलादेखी नै खेलकुद कार्यक्रमहरू सञ्चालन भई रहने उक्त करिब २ विगाहा जग्गा खेल मैदान निर्माणका लागि उपयुक्त देखिएकोले उक्त स्थानमा खेल मैदान निर्माण गर्ने र अन्य बाँकी खाली चउर (जग्गा) मा वन सँग समन्वय गरी वृक्षारोपण गर्ने निर्णय गरियो।

१२. **सहकारी तालिम सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिकाले यस आ.व. २०७५।०७६ मा सहकारीहरूका लागि क्षमता अभिवृद्धि सम्बन्धि तालिमका लागि विनियोजित बजेटबाट क्षमता अभिवृद्धिका तालिम सञ्चालन गर्न जय बुद्ध बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र कमन नेपाल प्रा.लि. ले प्रस्तावना पेश भएकोमा विनियोजित बजेट र ३,५०,०००।- बाट जयबुद्ध बहुद्देश्यीय सहकारी संस्था लिमिटेड गोरूसिगें का लागि रू. १७५०००।- र कमन नेपालका लागि रू. १७५०००।- छुट्याई दुवै संस्था मार्फत सहकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धि तालिमहरू सञ्चालन गराउने निर्णय गरियो।

१३. **योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिकाले आ.व. २०७५/०७६ मा योजनाहरू निमार्ण गर्दा १० लाख सम्मका योजनाहरू उपभोक्ता समिति मार्फत र सो भन्दा माथिका योजनाहरू टेन्डर प्रकृयाको माध्यमबाट सञ्चालन गर्ने भनिएकोमा टेन्डर प्रकृयाको माध्यमबाट कार्य गराउदा समय अवादी कम हुने हुँदा तपसिलका योजनाहरू सञ्चालन गर्नको लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नको लागि प्रकृयामा लैजाने निणर्य गरियो।

**तपसिलः**

| क्र.स. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | कृषि उपज बजार निर्माण तथा सुधार | बुद्धभूमी-९ | |
| २ | कपिलवस्तु राष्ट्रिय मा.वि. | बुद्धभूमी -१० | रू. ३२,००,०००। |

प्रमुख प्रशासकिय अधिकृत
उपसचिव

२०७६।१।२६
नगर प्रमुख

Scanned by CamScanner

१४. **अनुगमन तथा सुपरिवेक्षण समिति सम्बन्धमा।**

निर्णय : बुद्धभूमी नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने योजनाहरूको लागत परिमाण समय सीमा र गुणस्तरीयता पारदर्शिता साथै योजना सञ्चालनमा आइपर्ने समस्या समाधानको लागि अनुगमन गरी राय सुझाव दिनको लागि नगर प्रमुख तथा नगर उप प्रमुखको संयोजकत्वमा दुई वटा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएकोले उक्त कुनै एक समितिबाट अनुगमन भई भुक्तानीका लागि सिफारिस भई आएमा आ.व. २०७५।७६ मा सञ्चालित योजनाहरूको भुक्तानी दिने भनी निर्णय गरियो।

१५. **विविध सम्बन्धमा।**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी करकलपुरका लागि खानेपानी व्यवस्थापन गर्नेको लागि खानेपानी तथा सरसफाई शिर्षकबाट रू. १०,०००। दिने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | १०,०००।- |
| २ | जयनगर सामुदायिक खानेपानी व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई शिर्षकबाट रू. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | ३,००,०००।- |
| ३ | दुर्गा भवानी खानेपानी समूह भेलाई वडा नं. १ खानेपानी व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई शिर्षकबाट रू. २,००,०००।- (दुई लाख उपलब्ध गराउने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | २,००,०००।- |
| ४ | वडा नं. ५ पक्रेहटी बस्ने मुवारक अलि नाउँको घरमा आगलागी भई सम्पूर्ण समाग्री जलेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. १०,०००।- उपलब्ध गराउने निर्णय गरियो। | विपद् व्यवस्थापन शिर्षक | १००००।- |
| ५ | ५४ औं अन्तराष्ट्रिय जातीय विभेद तथा रंगभेद उन्मुलन विषयमा भएको सचेतना कार्यक्रमका लागि डम्बर देव सुनारलाई रू. १०,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो। | आर्थिक सहयोग | १०,०००।- |

तोयनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

२०७५।१२।२३
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner